तलकोट गाउँपालिका

तलकोट गाउँकार्यपालिकाको कार्यालय

तलकोट , बझाङ्ग

सुदुरपश्चिम प्रदेश , नेपाल

# तलकोट गाउँपालिकाको वातावरण संरक्षण ऐन, २०७७

गाउँसभाबाट स्विकृत मिति : २०७७।०९।१५

# स्वच्छ र स्वस्थ वातावरण कायम गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

प्रस्तावना : स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षति बापत पीडितलाई प्रदूषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकूल वातावरणीय प्रभाव न्यूनीकरण गर्न, जलवायु परिवर्तनको चुनौतीलाई सम्बोधन गर्न तथा पर्यावरणीय दीगो विकास कायम गर्न आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

तलकोट गाउँपालिकाको गाउँ सभाले नेपालको संविधानको धारा २२६, वातावरण संरक्षण ऐन २०७६ को दफा ३ ग र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम यो ऐन बनाएको छ ।

## परिच्छेद – १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ (१) यस ऐनको नाम "तलकोट गाउँपालिकाको वातावरण संरक्षण ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको दिनदेखी प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "अध्यक्ष" भन्नाले तलकोट गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "अनुकूलन" भन्नाले जलवायु परिवर्तनको सम्भाव्य असर र जोखिमको आँकलन गरी थप हानि नोक्सानी रोकथाम वा न्यूनीकरण गर्ने कार्य सम्झनु पर्छ ।

(ग) "उत्सर्जन" भन्नाले कुनै निश्चित क्षेत्रबाट निश्चित समय अवधिमा वातावरणमा हरितगृह ग्याँस, धुवाँ वा धुलो निष्कासन हुने कार्य सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले तलकोट गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ङ) "कोष" भन्नाले दफा ३८ बमोजिमको वातावरण संरक्षण कोष सम्झनु पर्छ ।

(च) "गाउँपालिका" भन्नाले तलकोट गाँउपालिका सम्झनु पर्छ ।

लाल बहादुर ... गा.पा. अध्यक्ष

(छ) "जलवायु परिवर्तन" भन्नाले कम्तिमा तीस बर्षको अन्तरालमा प्राकृतिक रुपमा हुने जलवायुको उतारचढावका अलावा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानवीय क्रियाकलापले वायुमण्डलको बनोटमा हुने फेरबदलका कारण पृथ्वीको जलवायुमा क्रमशः देखा पर्ने परिवर्तन सम्झनु पर्छ ।

(ज) "जलवायु परिवर्तन व्यवस्थापन" भन्नाले जलवायु परिवर्तनको कारण उत्पन्न हुने समस्या न्यूनीकरण वा अनुकूलन गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यस सम्बन्धी नीति, रणनीति, संस्थागत संयन्त्र निर्माण, वित्त व्यवस्था, क्षमता अभिवृद्धि लगायतका समष्टिगत कार्यलाई समेत जनाउँछ ।

(झ) "जोखिमपूर्ण पदार्थ" भन्नाले जोखिमपूर्ण फोहरको सीमापार ओसारपसार, नियन्त्रण र विर्सजन सम्बन्धी बासेल महासन्धीमा सुचिकृत पदार्थ तथा मानव स्वास्थ्य र वातावरणमा प्रतिकूल असर पार्ने विष्फोटक, ज्वलनशील, चीरस्थायी तथा संक्षारक (कोरोसिभ) गुण भएका र पुनः प्रयोग नगरिएका कच्चा पदार्थबाट प्रशोधन भई पहिलो पटक प्रयोगमा आउन लागेका पदार्थ सम्झनु पर्छ ।

(ञ) "जैविक विविधता" भन्नाले जीवहरुको भिन्नता, प्रकार र जम्मा संख्या तथा तिनीहरु बीचको अन्तरसम्वन्ध एवं प्राणी, वनस्पति तथा सुक्ष्म जीवाणुहरुमा पाइने विविधता र तिनीहरुको संयोजनलाई सम्झनु पर्छ र सो शव्दले आनुवंशिक विविधता (जेनेटिक डाइभर्सिटी), जातिय वा प्रजातिय वा प्रजातिगत (स्पेसिस डाइभर्सिटी) विविधता र पारिस्थितिक प्रणालीको विविधता (इकोसिष्टम डाइभर्सिटी) समेतलाई जनाउँछ ।

(ट) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ठ) "दिगो उपयोग" भन्नाले वातावरण र वातावरणका अवयवहरुको उपयोगबाट वातावरण र वातावरणका अवयवहरु दीर्घकालिन रुपमा नघट्ने र पूर्ववत अवस्थामा रहन सक्ने तथा दीर्घकालिन रुपमा बर्तमान र भावी पुस्ताको आवश्यकता एवं आकांक्षा पूरा गर्न सक्ने क्षमता वा सीमा भित्र रही गरिने वा गरिएको तथा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा सघाउ पुग्ने गरी गरिने वा गरिएको सदुपयोग सम्झनु पर्छ ।

लाल बहादुर विष्ट
गा.पा. अध्यक्ष

(ड) "न्यूनीकरण" भन्नाले मानवीय क्रियाकलापको कारणबाट हुने हरितगृह ग्याँसको उत्सर्जनलाई घटाउने वा रोक्ने कार्य सम्झनु पर्छ ।

(ढ) "निकाय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका सम्झनु पर्छ र सो शव्दले यी निकायका मन्त्रालय, विभाग, निर्देशनालय, महाशाखा, शाखा तथा इकाई समेतलाई जनाउँछ ।

(ण) "प्रदूषण" भन्नाले फोहरमैला, रसायन, ताप, ध्वनी, विद्युतीय, विद्युत-चुम्बकीय तरङ्ग वा रेडियोधर्मी विकिरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुरयाउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि पुरयाउने कार्य सम्झनु पर्छ ।

(त) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले तलकोट गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(थ) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनिय प्रतिकुल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुका साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ ।

(द) "पूरक वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले एकपटक स्वीकृत भइसकेको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी प्रस्तावमा आंशिक रुपमा भौतिक पूर्वाधार डिजाइन वा स्वरुप परिमार्जन गर्न, संरचना स्थानान्तरण वा फेरबदल गर्न वन क्षेत्र थप गर्न वा आयोजनाको क्षमता वृद्धि गर्नको लागि पेश भएको प्रस्ताव उपर पुनः गरिने वातावरणीय प्रभाव मूल्याङ्कन सम्झनु पर्छ ।

(ध) "परिषद" भन्नाले दफा ४० बमोजिमको वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद् सम्झनु पर्छ ।

(न) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ ।

लाल बहादुर विष्ट
गा.पा. अध्यक्ष

(प) "प्रस्तावक" भन्नाले प्रस्ताव स्वीकृतीको लागि निवेदन दिने वा प्रस्ताव कार्यान्वयन गर्न स्वीकृती प्राप्त व्यक्ति, संगठित संस्था वा सरकारी, अर्धसरकारी वा गैरसरकारी निकाय वा संस्था सम्झनु पर्छ ।

(फ) "फोहोरमैला" भन्नाले वातावरणमा ह्रास आउने गरी निष्कासन गरिएको तरल, ठोस, ग्याँस, लेदो, धूवाँ, धुलो, विकिरणयुक्त पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तु सम्झनु पर्छ ।

(ब) "वातावरण" भन्नाले प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका अवयवहरु र ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्ध सम्झनु पर्छ ।

(भ) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ ।

(म) "स्वस्थ वातावरण" भन्नाले पारिस्थितिक प्रणाली र तिनका अवयवहरु, पर्यावरणीय तथा मानव समुदायको चिरकालसम्म प्राकृतिक, भौतिक, अध्यात्मिक र मानसिक विकासका लागी तथा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनका लागी उपयुक्त वातावरण सम्झनु पर्छ ।

(य) "स्वच्छ वातावरण" भन्नाले गुणस्तरीय वायू, जल तथा उर्जा जसबाट मानव लगायत सम्पूर्ण जीव र वनस्पती स्वस्थ बाँच्न तथा रहन सक्ने गुण भएको तथा वातावरणका विभिन्न अवयव वा तत्वहरु स्वास्थ्य, विविधता उत्पादकत्वको अभिबृद्धी तथा कायम सुनिश्चित हुनसक्ने वातावरण सम्झनु पर्छ ।

(र) "संक्षिप्त वातावरणीय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनु पर्छ ।

## परिच्छेद - २

## स्वच्छ र स्वस्थ वातावरण संरक्षण सम्बन्धी व्यवस्था

३. **स्वच्छ र स्वस्थ वातावरण कायम गर्नु पर्ने :** (१) वातावरण तथा वातावरणका अवयवहरुको संरक्षण र दिगो उपयोग गर्नु प्रत्येक व्यक्ति, संगठित संस्था, गाउँपालिका वा निकायको कर्तव्य हुनेछ ।

(२) कुनै व्यक्ति, संगठित संस्था वा गाउँपालिका वा निकायले वातावरण तथा वातावरणका अवयवहरुको उपयोग गर्दा वा कुनै काम कारोबार गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्न वा पार्न सक्ने गरी गर्न वा गराउन हुदैन ।

(३) कुनै व्यक्ति, संगठित संस्था वा निकायले कुनै काम कारोबार वा क्रियाकलाप गर्दा उत्पन्न हुने ग्याँस, लेदो, धूवाँ, धुलो, ढल, विकिरणयुक्त पदार्थ वा अन्य फोहरमैला यथाशक्य कम उत्सर्जन वा निष्कासन गर्नु पर्नेछ र त्यस्तो काम कारोबार गर्दा उत्पन्न ग्याँस, लेदो, धूवाँ, धुलो, विकिरणयुक्त पदार्थ वा अन्य फोहरमैलाबाट निस्केको दूषित पानी, फोहरबाट निस्केको दूषित पानी रसाएर (लिचेट) जानसक्ने गरी वा ढल पानीको मुहान, नदी वा तालमा चुहावट, वा उत्सर्जन वा निष्कासन गरी वायू, जल, भू, ध्वनी वा दृश्य प्रदूषित गर्न वा गराउन हुदैन ।

४. **पर्यावरणीय दिगो विकासका सिद्धान्तको पालना गर्नु पर्ने :** प्रत्येक व्यक्ति, समूह, संगठित संस्था, निकाय वा गाउँपालिकाले आफ्नो कुनै काम, कार्वाही, कारोबार गर्दा, वा आर्थिक वा भौतिक विकास सम्बन्धी निर्णय गर्दा पर्यावरणीय दिगो विकासका देहाय बमोजिमका सिद्धान्त अवलम्बन तथा पालना गर्नु वा गराउनु पर्नेछ :

(क) निर्णय प्रक्रिया, आर्थिक वा विकास योजना, कार्यक्रम र आयोजनाका सबै आयाममा वातावरणीय पक्ष तथा चासोको मुलप्रवाहिकरण गर्ने,

(ख) वातावरणमा गम्भिर वा अपरिर्वतनिय (irreversible) क्षतिको खतरा भएको अवस्थामा पुर्ण वैज्ञानिक निश्चितताको अभावलाई कारण वा आधार मानी वातावरणीय ह्रासको रोकथाम गर्न अपनाउनु पर्ने उपायहरु पछि नसार्ने वा स्थगन नगर्ने,

(ग) भावि पुस्ताको हितको लागि वातावरणको स्वास्थ्य, विविधता उत्पादकत्वको अभिबृद्धी तथा कायम सुनिश्चित गर्ने,

(घ) आर्थिक विकास र भौतिक विकास सम्बन्धी योजना, कार्यक्रम वा आयोजना लगायत निर्णय प्रकृयामा जैविक विविधता तथा पर्यावरणीय अखण्डतालाई ध्यानमा राख्ने,

(ङ) प्रदुषण वा फोहोरमैला उत्पादन, निष्काशन वा विर्सजन गर्नेले प्रदुषण वा फोहोरमैलाको रोकथाम (कन्टेन्मेन्ट) वा बचाउ वा न्युन गर्ने,

(च) विकास आयोजना तथा उद्योग कलकारखानाका सबै चरणमा वातावरणीय पक्ष र लागत (cost) आन्तरिकीकरण गर्ने ।

५. **वातावरणीय श्रोत तथा साधनको दिगो उपयोग गर्नु पर्ने** : प्रत्येक व्यक्ती, संगठित संस्था वा गाउँपालिकाले वातावरणीय श्रोत तथा साधनको दिगो उपयोग सुनिश्चित गर्न देहाय बमोजिम गर्नु वा गराउनु पर्नेछ :-

(क) वातावरणीय स्रोत तथा साधनहरुको गुणस्तर कायम राख्ने र निरन्तर प्रवाह वा आपुर्ती समेत सुनिश्चित गर्नका लागि वातावरणीय स्रोतहरुको संरक्षण, सुधार, पुर्नस्थापना र सुरक्षा गर्ने,

(ख) हावापानी, माटो जस्ता वातावरणीय स्रोतहरु तथा पारिस्थितीकिय प्रणालीहरुको जिव धान्ने (life supporting) क्षमता अभिबृद्धी गर्ने,

(ग) वातावरणीय स्रोत र पारिस्थितिकिय कार्य, सेवा तथा बस्तुहरुले दिगो रुपमा वातावरणीय स्रोत र पारिस्थितिकिय सेवा र वस्तुहरु प्रदान गर्न सक्ने क्षमता कायम हुने गरी दिगो उपयोग गर्ने वा गराउने,

(घ) प्राकृतिक स्रोत, जैविक विविधता, र वातावरणीय स्रोत साधनहरुको स्वस्थता कायम राख्न त्यस्ता स्रोतको धान्न सक्ने तथा पुर्ननविकरण वा पूर्नउत्पादन हुन सक्ने क्षमता वा सिमा भित्र रही दिगो उपयोग गर्ने गराउने ।

६. **वातावारण संरक्षण योजना तर्जुमा गर्ने** : (१) वातावरणको संरक्षण, दीगो उपयोग तथा स्वच्छ र स्वस्थ वातावरण कायम गरी सोको संवर्द्धन तथा प्रवर्द्धन गर्ने उदेश्यले गाउँपालिकाले वातावारण संरक्षण योजना तर्जुमा गरी कार्यान्वयन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वातावारण संरक्षण योजनामा देहाय बमोजिमका विषयबस्तु समावेश गनु पर्नेछ :-

(क) यस ऐनको उदेश्य प्राप्तीका लागि उपयुक्त सिद्धान्त तथा नीतिहरु उल्लेख गर्ने र ती उदेश्य प्राप्त गर्नका लागी :

(१) गाउँपालिकाको वातावरणको स्थिति (State of Environment) र अवस्थाको लेखाजोखा गर्ने,

(२) गाउँपालिकाको वातावरणको वर्तमान र भविष्यमा हुन सक्ने क्षति वा ह्रासको जोखिमको पहिचान तथा लेखाजोखा गर्ने,

(३) गाउँपालिकाको वातावरणको स्थिति र अवस्थाको समय समयमा अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था समावेश गर्ने

(ख). प्राकृतिक, सांस्कृतिक र सामाजिक प्रणाली र यिनका अवयवहरु तथा ती अवयवहरुको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्धको संरक्षण तथा व्यवस्थापनका बिभिन्न पक्ष वा आयाम,

(ग). विभिन्न पर्यावरणीय समुदायका लागी अत्यावश्यक बासस्थानको संरक्षण,

(घ). स्वच्छ र स्वस्थ वातावरण भावी सन्ततिलाई समेत उपलब्धता सुनिश्चित गर्नका लागी अपनाउनु पर्ने संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका उपाय,

(ङ). पर्यावरणीय कार्यहरु (इस्पेसिफिक इकोलोजिकल फङसन) र अन्य पर्यावरणीय अवयव (कन्डिसन) हरुको संरक्षण र सर्म्वद्धनका उपाय,

(च). भौतिक विकास सम्बन्धी निर्णय प्रक्रियाहरुमा स्वच्छ र स्वस्थ वातावरण संरक्षणका दिर्घकालिन तथा अल्पकालिन आर्थिक, वातावरणीय, सामाजिक एवं समन्यायिक पक्षहरुको मूलप्रवाहीकरण,

(छ). वर्तमान पुस्ताले भावी सन्ततीको लाभका लागि वातावरणको स्वास्थ्य, विविधता र उत्पादकत्व कायम र अभिबृद्धि सुनिश्चित गर्न अपनाउनु पर्ने उपाय,

(ज). सरकारी, निजी क्षेत्र तथा सामुदायिक क्षेत्रबाट हुने क्रियाकलाप वा निर्णयले वातावरण र पारिस्थितिकिय प्रणालीको विविधतामा पुऱ्याउन सक्ने सम्भावित उल्लेखनीय क्षतिको न्यूनिकरणका पक्ष,

(झ). प्रदुषणको रोकथाम तथा नियन्त्रणका बिभिन्न पक्ष वा आयाम,

(ञ) वातावरण संरक्षण, सम्बर्द्धन, दीगो उपयोग र वातावरणीय स्रोतहरुको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरणसँग सम्बन्धित परम्परागत र स्थानीय अभ्यास, ,

(ट) परिषदले निर्धारण गरेका अन्य विषयवस्तुहरु ।

## परिच्छेद - ३

## वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था

७. **वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने :** (१) प्रस्तावकले तोकिए बमोजिमका विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावको हकमा संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिका लागी गाउँपालिकाको वातावरण हेर्ने शाखा वा इकाई समक्ष पेश गर्नु पर्नेछ ।

(३) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावका बारेमा तोकिए बमोजिम सार्वजनिक सुनुवाइ गर्नु पर्नेछ ।

(४) वातावरणीय अध्ययन प्रतिवेदन पेश गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

८. **कार्य सूची स्वीकृत गराउनु पर्ने :** (१) प्रस्तावकले यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व संक्षिप्त वातावरणीय अध्ययन सम्बन्धी प्रस्तावको कार्यसूची प्रमुख प्रशासकीय अधिकृतबाट र प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यसूची तयार गर्ने तथा स्वीकृत गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **क्षेत्र निर्धारण गर्दा ध्यान दिनु पर्ने :** (१) यस ऐन बमोजिम कुनै प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कनको अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व सम्बन्धित निकायबाट त्यस्तो प्रस्तावको क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रस्तावको निर्माण, स्थापना वा सञ्चालन गाउँपालिका क्षेत्र भित्र हुने वा गाउँपालिकाको कुनै एक वा सम्पूर्ण क्षेत्र सो प्रस्तावको कार्यान्वयनबाट प्रभावित क्षेत्रमा पर्ने भएमा त्यस्तो प्रस्तावको प्रस्तावकले वातावरणीय प्रभाव मूल्याङ्कनको अध्ययन प्रतिवेदन तयार गर्नुपूर्व क्षेत्र निर्धारण र कार्यसूची तयार गर्दा कार्यपालिकासंग विशेष परामर्श तथा समन्वय गर्नु पर्नेछ ।

(३) प्रस्तावकले क्षेत्र निर्धारण र कार्यसूची तयार गर्दा गाउँपालिकामा पूर्व सम्भाव्यता, सम्भाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन सहित अन्य आवश्यक लिखत कागजात प्रस्तुतिकरण गर्नु पर्नेछ तथा प्रस्तावको कार्यान्वयनबाट प्रभावित हुनसक्ने क्षेत्रमा पर्ने समुदायको मर्म र भावना गाउँपालिकाले दिएको सुझाव वा प्रतिक्रिया समावेश र सम्बोधन गरी क्षेत्र निर्धारण र कार्यसूचीको परिमार्जन गरी सोही अनुरुप वातावरणीय प्रभाव मूल्याङ्कनको अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ ।

१०. **विकल्पको विस्तृत विश्लेषण गर्नु पर्ने** : (१) प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउन सकिने विभिन्न विकल्पहरुको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्पमध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने यथार्थ आधार र कारण सहित सिफारिस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विभिन्न विकल्पहरुको विस्तृत विश्लेषण गर्दा प्रस्ताव वा आयोजनालाई पूर्ण रुपमा परित्याग गर्ने विकल्पलाई समेत विचार तथा लेखाजोखा गरी प्रतिकुल प्रभाव र फाइदाको तुलनात्मक अध्ययन समेत गरी विश्लेषण गरी प्रतिवेदनमा समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा प्रस्तावकले आयोजना कार्यान्वयन गर्दा वातावरणमा पर्न सक्ने प्रारम्भिक, मध्यकालीन एवं दीर्घकालीन प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अवलम्बन गर्नु पर्ने विधि तथा प्रक्रिया समेत उल्लेख गर्नु पर्नेछ ।

११. **विकल्पको विस्तृत खोजी गर्नु पर्ने** : (१) प्रस्तावकले दफा १० बमोजिम विकल्पहरुको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्पमध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने यथार्थ आधार र कारण सहित सिफारिस गर्नुपूर्व सो प्रस्तावका सम्बन्धमा देहाय बमोजिमका पक्षहरुको सम्बन्धमा विकल्पको खोजी गर्नु पर्नेछ :-

(क) स्तर,

(ख) प्रविधि,

(ग) स्थान (अवस्थिती),

(घ) इन्धन,

(ङ) कच्चा पदार्थ,

(च) डिजाइन,

(छ) सुरक्षात्मक उपायहरु,

(ज) समय तालिका,

(झ) आर्थिक पक्षहरु

१२. **वातावरणीय व्यवस्थापन योजना** : (१) प्रस्तावकले प्रस्ताव कार्यान्वयन गर्नुअघि तोकिए बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्नु पर्नेछ ।

(२) प्रस्तावकले उपदफा (१) बमोजिम वातावरणीय व्यवस्थापन योजना तयार गर्दा वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरुमध्ये कुनकुन उपायहरु आयोजना निर्माणको क्रममा र कुनकुन उपायहरु आयोजना सम्पन्न भएपछि वा आयोजना कार्यान्वयनको क्रममा अवलम्बन गर्ने हो सो समेत उल्लेख गर्नु पर्नेछ ।

(३) प्रस्तावकले उपदफा (२) बमोजिम वातावरणीय व्यवस्थापन योजनामा उल्लेख गरेका वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरु प्रभावकारी भएको नदेखिएमा कार्यपालिकाले अन्य प्रभावकारी उपाय अवलम्बन गर्न आवश्यक निर्देशन दिनु पर्नेछ र त्यसरी कार्यपालिकाले दिएको निर्देशन कार्यान्वयन गर्दा लाग्ने खर्च सम्बन्धित प्रस्तावकले व्यहोर्नु पर्नेछ ।

(४) प्रस्तावकले उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनका लागी स्पष्ट कार्ययोजना बनाई सो बमोजिम कार्यान्वयन गर्नु पर्नेछ र सोको प्रगती विवरण आयोजना निर्माण वा कार्यान्वयन सुरु भएपछि प्रत्येक दुई महिनामा गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम तयार गरेको वातावरणीय व्यवस्थापन योजना कार्यान्वयनको सम्बन्धमा वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपाय अवलम्बन गर्दा प्रस्ताव कार्यान्वयन हुँदा प्रभावित हुने स्थानीय समुदाय मार्फत् कार्यक्रम सञ्चालन गर्ने कुरालाई प्राथमिकता दिनु पर्नेछ ।

१३. **प्रस्ताव कार्यान्वयन गर्न नहुने** : कसैले पनि यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई कुनै पनि प्रस्ताव कार्यान्वयन गर्न वा गराउन हुँदैन ।

१४. **वातावरणीय अध्ययन प्रतिवेदन सार्वजनिक गर्ने** : (१) दफा ७ बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्ने सन्दर्भमा तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएमा गाउँपालिकाले सो प्रतिवेदनका सम्बन्धमा राय सुझाव दिनको लागि सर्वसाधारणले सो प्रतिवेदन आफैले उतार गरी लैजान पाउने व्यवस्था गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले वातावरणीय अध्ययन प्रतिवेदनमा सर्वसाधारणले राय सुझाव दिनको लागि उक्त प्रतिवेदन प्राप्त हुने स्थान र समय समेत उल्लेख गरी कम्तिमा १५ दिने सुचना एफ.एम.रेडीयो, पत्रपत्रिका, सामाजिक सञ्जाल, सम्बन्धीत निकायको वेवसाइटमा प्रकाशन तथा गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालयहरुमा सुचना टाँस गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम वातावरणीय अध्ययन प्रतिवेदनमा सर्वसाधारण वा संघसंस्थाले कुनै राय सुझाव दिएको भए सो र दफा १६ बमोजिम समिति गठन गरिएकोमा सो समितिले दिएको राय सुझाव समेतको आधारमा प्रस्तावकले त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन परिमार्जन गरी स्वीकृतिका लागी पुन: गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

१५. **मापदण्ड एवं गुणस्तर कायम गर्नु पर्ने** : (१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा कार्यपालिकाले निर्धारण गरेको मापदण्ड एवं गुणस्तर कायम हुने गरी तोकिए बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्ड एवं गुणस्तर विपरीत वा त्यस्तो मापदण्ड पालना नगरी वा गुणस्तर कायम नगरी प्रतिवेदन पेश भएमा त्यस्तो प्रतिवेदन तयार गर्ने परामर्शदाताले कम्तिमा तिंन वर्षदेखि सात वर्षसम्म वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्न पाउने छैन ।

१६. **वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने** : (१) दफा ७ बमोजिम कुनै प्रस्ताव कार्यान्वयन गर्ने सन्दर्भमा तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन प्राप्त भएमा गाउँपालिकाले सो उपर आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्तावकले पेश गरेको वातावरणीय अध्ययन प्रतिवेदन गुणस्तरीय भए नभएको, विकल्पको खोजी तथा लेखाजोखा उपयुक्त एवं पर्याप्त तवरले गरे

वा नगरेको, सो अध्ययन प्रतिवेदनको आधारमा प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनिकरण गर्न सकिने वा नसकिने र वातावरणीय व्यवस्थापन योजनामा प्रतिकूल प्रभाव निराकरण वा न्यूनिकरण गर्न समावेश भएका उपाय, कृयाकलाप तथा कार्यक्रमहरु पर्याप्त भए नभएको जस्ता विषयवस्तुका सम्बन्धमा जाँचबुझ गरी कार्यपालिकालाई राय सुझाव दिनको लागि कार्यपालिकाले सम्बन्धित विषय विज्ञ, स्थानिय सरोकारवाला तथा सम्बन्धित कार्यालयका प्रतिनिधि र महिला दलित, आदिवासी जनजाती तथा अन्य सिमान्तकृत समुदायको प्रतिनिधित्व सहितको बढीमा एघार सदस्यीय एक समिति गठन गर्न सक्नेछ र कार्यपालिकाले वातावरणीय अध्ययन प्रतिवेदन तथा वातावरणीय व्यवस्थापन योजना स्वीकृत गर्दा समितिले दिएको राय सुझावलाई समेत ध्यानमा राख्नेछ।

(३) उपदफा (१) बमोजिम प्राप्त वातावरणीय अध्ययन प्रतिवेदन जाँचबुझ गर्दा त्यस्तो प्रस्तावको सम्बन्धमा थप वातावरणीय अध्ययन गर्नु पर्ने देखिएमा कार्यपालिकाले प्रस्तावकलाई संक्षिप्त वातावरणीय अध्ययनको हकमा प्रारम्भिक वातावरणीय परीक्षण र प्रारम्भिक वातावरणीय परीक्षणको हकमा पुनः अन्य विभिन्न पक्ष तथा आयामहरु र उपदफा (२) बमोजिमको समितिले दिएको राय सुझावलाई समेत समावेश गरी बढीमा नौ महिना भित्र अर्को प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयार गरी पेश गर्न गराउन आदेश दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिइएको आदेश बमोजिम प्रस्तावकले थप अध्ययन गरी सोको प्रतिवेदन गाउँपालिकामा पेश गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम जाँचबुझ गर्दा त्यस्तो प्रस्ताव कार्यान्वयनबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने नदेखिएमा गाउँपालिकाले कार्यपालिकाले आवश्यकता अनुसार प्रस्तावकले पालना गर्नु पर्ने शर्त तोकी त्यस्तो वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नेछ ।

(६) वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१७. **सेवा सुरु भएपछि वातावरणीय परीक्षण गर्ने** : (१) प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्ने प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिना भित्र त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आँकलन

नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परिक्षण प्रतिवेदन अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रस्तावकले तयार गरेको वातावरणीय परिक्षण प्रतिवेदन सो प्रतिवेदन तयार गरेको १५ दिन भित्र गाउँपालिकामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रस्तावकले तयार गरेको वातावरणीय परिक्षण प्रतिवेदन वस्तुनिष्ठ वा गुणस्तरिय भए वा नभएको गाउँपालिकाले लेखाजोखा तथा मुल्यांकन गरी वस्तुनिष्ठ वा गुणस्तरिय नभएमा गाउँपालिकाले स्वयं वातावरणीय परिक्षण प्रतिवेदन तयार गरी वा गराई अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम गाउँपालिकाले वातावरणीय परिक्षण प्रतिवेदन तयार गरे वा गराएकोमा त्यस्तो वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्दा लागेको सम्पूर्ण खर्च सम्बन्धित प्रस्तावकले व्योहोर्नेछ ।

(५) उपदफा (१) बमोजिम वातावरणीय परिक्षण प्रतिवेदन सम्बन्धमा गाउँपालिकाले आवश्यक अध्ययन गरी वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्न प्रस्तावकलाई उपयुक्त आदेश दिनेछ ।

(६) उपदफा (५) बमोजिम कार्यपालिकाले दिएको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तव्य हुनेछ ।

१८. **रोक लगाउन सक्ने** : (१) कसैले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनभन्दा विपरित हुने गरी आयोजना कार्यान्वयन गरेमा वा वातावरणीय व्यवस्थापन योजना सम्बन्धी कार्ययोजना उपयुक्त तवरले कार्यान्वयन नगरेमा कार्यपालिकाले त्यस्तो आयोजना कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट प्रस्तावकलाई कुनै क्षति पुग्न गएमा प्रस्तावकले सो बापत क्षतिपूर्तिको दाबी गर्न पाउने छैन ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यान्वयनमा रोक लगाइएको आयोजनाको प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराएमा वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम आयोजना कार्यान्वयनमा सुधार गरेमा वा वातावरणीय व्यवस्थापन योजना सम्बन्धी कार्ययोजना उपयुक्त तवरले पन्ध्र दिन भित्र

कार्यान्वयन गर्ने लिखित रुपमा कागत गरेमा वा कार्यान्वयन गरेमा उपदफा (१) बमोजिम लगाइएको रोक कार्यपालिकाले फुकुवा गर्न सक्नेछ ।

१९. **गाउँपालिकाले वातावरणीय अध्ययन गर्न सक्ने** : (१) गाउँपालिका आफैले कुनै क्षेत्र वा स्थानको नक्साङ्कन गरी सो क्षेत्रको वातावरणीय अध्ययन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अध्ययनबाट प्राप्त विवरणको आधारमा सम्बन्धित निकायले त्यस्तो क्षेत्रमा भविष्यमा सञ्चालन गर्न सकिने विकास निर्माणका कार्य वा आयोजना तथा त्यस्तो क्षेत्रमा सञ्चालन गर्न उपयुक्त नहुने कार्य सम्बन्धी विवरण तयार गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अध्ययनबाट प्राप्त विवरण तथा उपदफा (२) बमोजिमको विवरणको सम्बन्धित निकायले अभिलेख राख्नु पर्नेछ ।

(४) यस दफा बमोजिमको विवरण सम्बन्धित निकायले सार्वजनिक गर्नु पर्नेछ र कुनै पनि प्रस्ताव पेश वा कार्यान्वयन गर्दा सम्बन्धित प्रस्तावक, निकाय वा सरोकारवाला पक्षले सो अनुरुप कार्य गर्नु पर्नेछ ।

२०. **अनुगमन समिति गठन गर्नु पर्ने** : (१) कार्यपालिकाले यस ऐन बमोजिम कार्यपालिकाबाट स्वीकृति प्राप्त प्रस्तावको निर्माण, सञ्चालन वा कार्यान्वयन प्रारम्भ भएपछी वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेख भए बमोजिमका व्यवस्था तथा शर्तहरु पालना गरे वा नगरेको, वातावरणीय व्यवस्थापन योजनामा प्रतिकूल प्रभाव निराकरण, न्यूनिकरण गर्न समावेश भएका उपाय तथा कृयाकलाप कार्यान्वयन गरे वा नगरेको, वातावरणीय व्यवस्थापन योजना कार्यान्वयन गरेको अवस्थामा प्रतिकूल प्रभाव निराकरण वा न्यूनिकरण गर्न कार्यान्वयन गरेको उपाय तथा कृयाकलाप र कार्यक्रमहरु पर्याप्त भए नभएको जस्ता विषयवस्तुहरुको स्थलगत अनुगमन गरी कार्यपालिकामा प्रतिवेदन पेश गर्न एउटा अनुगमन समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको समिति गठन गर्दा गाउँपालिकाको उपप्रमुखको अध्यक्षतामा गठन गर्नु पर्ने छ र सो समितिमा गाउँपालिकाको प्रस्ताव निर्माण, सञ्चालन वा कार्यान्वयन हुने क्षेत्रका वडा अध्यक्ष, वातावरण तथा विपद व्यवस्थापन समितिको प्रमुख वा सदस्य, स्थानीय बुद्धिजिवी तथा समाजसेवी, महिला, दलित, आदिवासी जनजाति, तथा अल्पसंख्यक र प्रस्ताव कार्यान्वयनबाट प्रभावित हुने समुदायको प्रतिनिधि समेत रहने गरी कम्तिमा सात सदस्यीय समिति गठन गर्नु पर्नेछ । प्रमुख प्रशासकीय अधिकृतले समितिको सदस्य सचिवको कार्य गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समितिले कम्तिमा प्रत्येक तीन महिनामा एक पटक

स्थलगत अनुगमन गर्नु पर्नेछ र त्यस्तो अनुगमनको सुझाव सहितको लिखित प्रतिवेदन गाउँपालिकामा सात दिन भित्र पेश गर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन महिन भन्दा कम समयमा निर्माण, सञ्चालन वा कार्यान्वयन हुने प्रकृतिको प्रस्तावको सम्बन्धमा त्यस्तो प्रस्तावको निर्माण, सञ्चालन वा कार्यान्वयन हुदा समितिले कम्तिमा प्रत्येक महिनामा एक पटक स्थलगत अनुगमन गरी सो अनुगमनको सुझाव सहितको लिखित प्रतिवेदन गाउँपालिकामा पाँच दिन भित्र पेश गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम प्राप्त अनुगमन प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गरी प्रस्तावकले स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन, वातावरणीय व्यवस्थापन योजना वा यस ऐन विपरित प्रस्तावको निर्माण, सञ्चालन वा कार्यान्वयन गरेको प्रतिवेदनबाट समेत देखिएमा वातावरणीय अध्ययन प्रतिवेदन, वातावरणीय व्यवस्थापन योजनाको अक्षरशः कार्यान्वयन गर्न, प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्न र यस ऐन विपरित प्रस्तावको निर्माण, सञ्चालन वा कार्यान्वयन गरेकोमा सो तत्काल रोक्न प्रस्तावकलाई उपयुक्त आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम कार्यपालिकाले दिएको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तव्य हुनेछ ।

## परिच्छेद - ४

## प्रदूषणको रोकथाम तथा नियन्त्रण

२१. **प्रदूषण गर्न नहुने** : कुनै व्यक्ति, संगठित संस्था वा निकायले कुनै काम कारोबार गर्दा उत्पन्न हुने प्रदुषण वा फोहरमैला यथाशक्य कम उत्सर्जन, उत्पादन वा निष्कासन गर्नु पर्नेछ र फोहरमैला, तरल, ठोस, ग्याँस, लेदो, धूवाँ, धुलो, रसायन, ताप, ध्वनी, विद्युतीय, विद्युत-चुम्बकीय तरङ्ग वा रेडियोधर्मी विकिरणयुक्त पदार्थका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुरयाउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि पुरयाउने गरी प्रदूषण गर्न वा गराउन हुदैन ।

२२. **प्रदुषण नियन्त्रण** : (१) गाउँपालिकाले स्थानिय राजपत्रमा सूचना प्रकाशन गरी कुनै सवारी साधन, यन्त्र, उपकरण, औद्योगिक प्रतिष्ठान, होटेल, रेस्टुरेन्ट वा अन्य स्थान वा मालवस्तु वा कुनै क्रियाकलापबाट हुने प्रदूषण वा जोखिमपूर्ण पदार्थ निष्कासन वा उत्सर्जनबाट हुने असर न्यूनीकरण वा निराकरण गर्नका लागि आवश्यक मापदण्ड निर्धारण गर्न सक्नेछ ।

(२) कसैले पनि जनजीवन, जनस्वास्थ्य एवं वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने गरी प्रदूषण गर्न वा उपदफा (१) बमोजिम गाउँपालिका, प्रदेश सरकार वा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड विपरीतको कुनै काम गर्न वा गराउन हुदैन ।

(३) हिमाल आरोहण, पदयात्रा, दृश्यावलोकन वा अन्य कुनै प्रयोजनको लागि हिमालय वा उच्च पहाडी वा पहाडी क्षेत्रमा जाने कुनै पनि व्यक्ति वा समूहले गाउँपालिकाले वा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड विपरीत हुने गरी प्रदूषण गरी वातावरणमा प्रतिकूल प्रभाव पार्ने कार्य गर्न वा गराउन हुदैन ।

(४) उपदफा (२) वा (३) विपरीत कसैले कुनै कार्य गरी वातावरणमा प्रतिकूल प्रभाव पारेको देखिएमा गाउँपालिकाले सम्बद्ध व्यक्ति, समूह वा संगठित संस्थालाई प्रदूषण न्यूनीकरण वा निराकरणको उपाय अवलम्बन गर्न निर्देशन दिन, आवश्यक शर्त तोक्न वा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनै कार्य गर्न नपाउने गरी रोक लगाउन सक्नेछ ।

(५) कुनै पदार्थ, इन्धन, औजार, यन्त्र वा उपकरणको प्रयोगबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव परेमा वा पर्न सक्ने देखिएमा गाउँपालिकाले आवश्यक कारबाहीको लागि कार्यपालिकालाई लेखि पठाउन सक्नेछ ।

(६) उपदफा (५) बमोजिम गाउँपालिकाबाट लेखि आएमा कार्यपालिकाले सरोकारवाला निकाय वा अन्य सरोकारवालासँग आवश्यक परामर्श गरी त्यस्तो पदार्थ, इन्धन, औजार, यन्त्र वा उपकरणको प्रयोगमा वा त्यस्ता सामग्रीको उत्पादन, आयात, बिक्री वितरण वा भण्डारणमा रोक लगाउन सक्नेछ र त्यसरी रोक लगाईएको सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

२३. **<u>जोखिमपूर्ण पदार्थको निकासी तथा पैठारी</u>** : (१) कुनै पनि किसिमका जोखिमपूर्ण पदार्थ गाउँपालिका भित्र आयात गरिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित व्यक्ती वा प्रस्तावकले नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकेको मानव स्वास्थ्य र वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव नपार्ने कुनै खास किसिमको जोखिमपूर्ण पदार्थ गाउँपालिकाभित्र आयात गर्न सक्नेछ ।

(३) यस ऐन विपरीत आयात भएको जोखिमपूर्ण पदार्थ जुन प्रदेश वा मुलुकबाट आयात गरिएको हो सोही मुलुकमा फिर्ता पठाउनु पर्नेछ ।

२४. **जोखिमपूर्ण पदार्थको व्यवस्थापन** : (१) जोखिमपूर्ण पदार्थको व्यवस्थापन गर्ने जिम्मेवारी त्यस्तो जोखिमपूर्ण पदार्थ उत्पादन गर्ने व्यक्ति वा, संगठित संस्थाको हुनेछ ।

(२) जोखिमपूर्ण पदार्थको सङ्कलन, भण्डारण, प्रशोधन, बिक्री वितरण, विसर्जन वा ओसारपसार गर्दा सम्बन्धित व्यक्ति वा संगठित संस्थाले जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपर्ने गरी उचित व्यवस्थापन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम जोखिमपूर्ण पदार्थको व्यवस्थापन गर्दा सम्बन्धित व्यक्ति वा संगठित संस्थाले आफ्नै खर्चमा गर्नु पर्नेछ ।

२५. **प्रदूषण रोकथाम वा नियन्त्रण आदेश दिन सक्ने** : (१) गाउँपालिकालाई कुनै भवन, कलकारखाना उद्योग, संचालनबाट प्रचलित कानुन तथा यस ऐन विपरित फोहोर मैलाको निष्कासन, उत्सर्जन वा विर्सजन भैरहेको छ वा हुने सम्भावना छ वा जोखिमपुर्ण पदार्थको व्यवस्थापन उपयुक्त तरिकाले हुन नसकि वातावरणमा प्रतिकुल प्रभाव पारेको वा पर्न सक्ने सम्भावना भएको भन्ने लागेमा त्यस्तो व्यक्ती वा संगठित संस्थालाई गाउँपालिकाले प्रदूषण रोकथाम वा नियन्त्रण गर्नका लागि अवलम्बन गर्नू पर्ने उपायहरु तोकी प्रदूषण रोकथाम तथा नियन्त्रण आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको आदेशमा देहाय बमोजिमका उपायहरु समावेश गर्नु पर्नेछ :-

(क) प्रतिकुल वातावरिणय प्रभाव तत्काल रोकथाम गर्ने, नियन्त्रण गर्ने, घटाउन, न्युन गर्न वा उपचार गर्ने,

(ख) प्रदूषण वा फोहोरमैलाको उर्त्सजन, निष्कासन वा विर्सजन निर्मुल गर्ने, नियन्त्रण गर्न वा घटाउन आवश्यक औजार, मेसिन वा संयन्त्र जडान गर्ने, फेर्न, बदल्न वा सुधार गर्ने,

(ग) फोहोरमैला वा प्रदूषण पुर्णतया हटाउन, मेट्न वा निर्मुल गर्न आवश्यक कार्य गर्ने,

(घ) पारिस्थितिक प्रणालीको वातावरणीय सेवा प्रदान गर्ने क्षमतामा अभिबृद्धि गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने,

(ङ) वातावरणलाई प्रदूषण वा फोहोरमैला उर्त्सजन, निष्कासन वा विर्सजन हुनु पुर्वको अवस्थामा ल्याउनका लागि पुर्नस्थापना गर्ने ।

(३) उपदफा (१) बमोजिमको प्रदूषण रोकथाम आदेश जारी भएको व्यक्ती वा संगठित संस्थाले सो आदेशको पालना नगरेमा निजलाई यस ऐन र यस ऐन अन्तर्गत बनेको नियमावली अर्न्तगत सजाय हुनुका साथसाथै गाउँपालिकाले प्रदूषणको रोकथाम तथा नियन्त्रण गर्न गरेको काम कारबाही बापत भएको खर्च त्यस्तो व्यक्ती वा संस्थाबाट सरकारी बाँकी सरह भराउने छ ।

२६. **वातावरण निरीक्षक** : (१) दफा १६ बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नु पर्ने कार्य प्रभावकारी रुपले भए नभएको सम्बन्धमा, प्रदुषणको रोकथाम तथा नियन्त्रण गरे नगरेको तथा प्रदुषण नियन्त्रण र वातावरण संरक्षण सम्बन्धी मापदण्डको परिपालना भए नभएको सम्बन्धमा वातावरण निरीक्षकले अनुगमन तथा निरीक्षण गर्ने छ ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षणसम्बन्धी कामहरु प्रभावकारी रुपले गर्न गराउन गाउँपालिकाले प्रकृया पूरा गरी वातावरण निरीक्षक नियुक्त गर्न वा वातावरण निरीक्षक नियुक्त नहुँदासम्मका लागी त्यस्तो निरीक्षकको काम गर्ने गरी कम्तिमा प्राविधिक सहायक पाँचौं तहको कुनै कर्मचारीलाई तोक्न सक्नेछ ।

(३) दफा १६ बमोजिम स्वीकृत वातावरणीय अध्ययन र प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची, दफा ७ को उपदफा (२) बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन अनुसार गर्नु पर्ने कार्य प्रभावकारी रुपले भए नभएको सम्बन्धमा र प्रदुषण नियन्त्रण तथा वातावरण संरक्षण सम्बन्धी मापदण्डको परिपालना भए नभएको सम्बन्धमा अनुगमन तथा निरीक्षण, तथा अन्य कामहरु प्रभावकारी रुपले गर्न गराउन गाउँपालिकाले वातावरण निरीक्षक नियुक्त गर्न वा वातावरण निरीक्षक नियुक्त हुने समयसम्मका लागी त्यस्तो निरीक्षकको काम गर्ने गरी कम्तिमा राजपत्र अनङ्कित प्रथम श्रेणीको कुनै कर्मचारीलाई तोक्न वा खटाउन सक्नेछ ।

(४) वातावरण निरीक्षक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२७. **वातावरण निरीक्षको काम, कर्तव्य र अधिकार** : (१) वातावरण निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत जोखिमपूर्ण पदार्थ निष्काशन गरे, नगरेको वा प्रदूषण गरे, नगरेको सम्बन्धमा निरीक्षण गर्ने,

ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम प्रदुषण कम गर्ने, हटाउने वा नियन्त्रण गर्ने कार्य भए नभएको निरीक्षण गर्ने,

२८. **नमुना संकलन गर्न दिनुपर्ने** : कुनै पनि उद्योग, कारखाना, यन्त्र, सवारी साधन आदिबाट सृजना वा निष्काशन हुने वा हुन सक्ने प्रदुषण, ध्वनी, ताप वा फोहरमैलाको अध्ययन, परीक्षण वा विश्लेषण गर्नका लागि सम्बन्धित व्यक्ति वा संगठित संस्थाले गाउँपालिकाबाट अधिकारप्राप्त व्यक्ति वा संस्थालाई आवश्यकता अनुसार त्यस्ता वस्तु वा पदार्थको नमूना संकलन गर्न दिनु पर्नेछ ।

## परिच्छेद - ५

## जलवायु परिवर्तन सम्बन्धी व्यवस्था

२९. **जानकारी उपलब्ध गराउनु पर्ने** : (१) गाउँपालिकाले जलवायु परिवर्तनबाट स्थानीय समुदाय, पारिस्थितिकीय प्रणाली तथा जैविक विविधतामा परेको प्रतिकूल असर तथा जोखिमको विषयमा तोकिए बमोजिम आवधिक रुपमा संकटासन्नताको लेखाजोखा अध्ययन गरी विवरण सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिएको अध्ययनको आधारमा गाउँपालिकाबाट कार्यान्वयन भई रहेको वा भविष्यमा कार्यान्वयन गरिने भूउपयोग योजना वा कार्यक्रम, जिविकोपार्जन कार्यक्रम, अनुकूलन कार्ययोजना तथा कार्यक्रम, समानुकुलन वा उत्थानशीलता कार्यक्रम वा जलवायुजन्य विपद व्यवस्थापन कार्य, तथा विकास आयोजना तजुर्मा गर्दा जलवायु परिवर्तनबाट हुने प्रतिकूल असर वा जोखिम न्यूनीकरणका लागि अवलम्बन गर्नु पर्ने उपाय सम्बन्धी आवश्यक जानकारी गाउँपालिकाले समय-समयमा सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गरिएको अध्ययनको आधारमा गाउँपालिकाबाट कार्यान्वयन भइ रहेको वा भविष्यमा कार्यान्वयन गरिने कार्यक्रम वा योजना तर्जुमा तथा कार्यान्वयन गर्दा संकटासन्न क्षेत्र, समुदाय तथा घरधुरीलाई प्राथमिकता दिनु पर्नेछ ।

(४) गाउँपालिकाबाट तर्जुमा तथा कार्यान्वयन हुने नीति, योजना र निर्णय प्रक्रियामा जलवायु परिवर्तनका विभिन्न पक्ष तथा आयामलाई मूलप्रवाहिकरण गर्नु पर्नेछ ।

३०. **अनुकूलन योजना बनाउन सक्ने** : (१) जलवायु परिवर्तनको प्रतिकूल असर र जोखिमबाट बच्नका लागि स्थानीय स्तरमा गाउँपालिकाले अनुकूलन योजना तर्जुमा तथा कार्यान्वयन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुकूलन योजना गाउँपालिकाले बनाउँदा जलवायु परिवर्तनको असरबाट बढी जोखिममा पर्ने महिला, अपाङ्गता भएका व्यक्ति, बालबालिका, जेष्ठ

नागरिक र आर्थिक रुपमा विपन्न समुदाय र जलवायु परिवर्तनबाट बढी जोखिममा परेका भौगोलिक क्षेत्रका बासिन्दालाई विशेष प्राथमिकता दिनु पर्नेछ।

(३) स्थानीय समुदायले स्थानीयस्तरमा अनुकूलन योजना बनाई कार्यान्वयन गर्न सक्नेछन् र त्यस्तो योजना कार्यान्वयन गर्दा सम्बन्धित निकायले आवश्यक सहयोग र सहजीकरण गर्नु पर्नेछ।

३१. **न्यूनीकरण योजना बनाउन सक्ने** : (१) जलवायु परिवर्तनको प्रतिकूल असर र जोखिमबाट बच्नका लागि स्थानीय स्तरमा गाउँपालिकाले न्यूनीकरण योजना तर्जुमा तथा कार्यान्वयन गर्न सक्नेछ।

(२) न्यूनीकरणका लागी गाउँपालिकाले आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

३२. **जलवायु परिवर्तनबाट हुने असर तथा जोखिमको व्यवस्थापन** : (१) गाउँपालिकाले जलवायु परिवर्तनको प्रतिकूल असर तथा जोखिमको व्यवस्थापन गर्ने प्रयोजनको लागि गाउँपालिका तथा अन्य सार्वजनिक निकाय एवं निजी क्षेत्रबाट गाउँपालिका क्षेत्रभित्र कार्यान्वयन गरिने क्षेत्रगत नीति, रणनीति वा कार्ययोजनामा जलवायु परिवर्तनको प्रतिकूल असर तथा जोखिम न्यूनीकरणको लागि अवलम्बन गर्नु पर्ने उपायका सम्बन्धमा स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

## परिच्छेद - ६

## राष्ट्रिय सम्पदाको संरक्षण तथा वातावरण संरक्षण क्षेत्र सम्बन्धी व्यवस्था

३३. **वातावरण संरक्षण क्षेत्र सम्बन्धी विशेष व्यवस्था** : (१) कार्यपालिकाले वातावरण संरक्षणका दृष्टिले अति महत्वपूर्ण मानिने प्राकृतिक सम्पदा वा सौन्दर्यपरक स्थल, दुर्लभ वन्यजन्तु, जैविक विविधता, वनस्पत्ति, वा ऐतिहासिक वा सांस्कृतिक महत्वका स्थललाई स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी वातावरण संरक्षण क्षेत्र कायम गर्न सक्नेछ।

(२) कुनै सडक, भवन, नदी व्यवस्थापन, सहरी योजना वा अन्य कुनै भौतिक पूर्वाधार निर्माण गर्दा सरोकारवाला निकायसँगको समन्वयमा कार्यपालिकाले कुनै क्षेत्र विशेषको वातावरण संरक्षण गर्ने उद्देश्यले त्यस्तो क्षेत्रलाई खुला वा हरियाली क्षेत्र तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम कायम गरिएको वातावरण संरक्षण क्षेत्र वा उपदफा (२) बमोजिम तोकिएको खुला वा हरियाली क्षेत्र भित्र तोकिए बमोजिमको कुनै काम गर्न नपाउने गरी रोक लगाउन सक्नेछ।

(४) कुनै क्षेत्र वा स्थान विशेषमा अत्यधिक वातावरणीय प्रदूषण, भूस्खलन, प्राकृतिक सम्पदाको अत्यधिक दोहन वा प्राकृतिक विपत्ति हुन गई जनस्वास्थ्य वा वातावरणमा प्रतिकूल असर परेको वा पर्ने सम्भावना देखिएको अवस्थामा कार्यपालिकाले त्यस्तो क्षेत्र वा स्थानलाई वातावरणीय दृष्टीले संवेदनशील क्षेत्र तोकी वातावरणीय सन्तुलन, व्यवस्थापन वा वातावरणीय पुनर्स्थापनाको लागि कुनै उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

(५) कार्यपालिकाले गाउँपालिका क्षेत्रभित्रको कुनै हानिकारक वा जोखिमयुक्त पदार्थ वा फोहरमैला भण्डारण वा विसर्जन गरिएको स्थान वा अन्य कारणले अत्यधिक वातावरण प्रदूषण भएको स्थानलाई प्रदूषणयुक्त क्षेत्र तोकी सर्वसाधारणको आवतजावतमा रोक लगाउन सक्नेछ ।

(६) उपदफा (४) वा (५) बमोजिमको स्थानमा वातावरणीय दृष्टिले सुधार भएमा त्यस्तो क्षेत्रलाई संवेदनशील क्षेत्र वा प्रदूषणजन्य क्षेत्रबाट हटाउन सक्नेछ ।

(७) गाउँपालिकाले वातावरण संरक्षणको लागि यस दफा बमोजिम कायम गरिएको वा तोकिएको क्षेत्रको व्यवस्थापनमा स्थानीय समुदायलाई सहभागी गराउन सक्नेछ ।

**स्पष्टिकरण** : यस दफा र दफा ४४ को प्रयोजनको लागि "स्थानीय समुदाय" भन्नाले त्यस्तो क्षेत्र भित्र वा सोको वरपर बसोबास गर्ने समुदाय सम्झनु पर्छ ।

(८) उपदफा (७) बमोजिम व्यवस्थापन गरिएको क्षेत्रको व्यवस्थापनबाट प्राप्त हुने लाभमा स्थानीय समुदायलाई तोकिए बमोजिम सहभागी गराउनु पर्नेछ ।

३४. **जलाधार वा उपजलाधारको संरक्षण तथा व्यवस्थापन गर्नु पर्ने** : (१) गाउँपालिकाले पर्यावरणीय, जैविक, पारिस्थितिकीय र सांस्कृतिक रुपले महत्वपूर्ण, संवेदनशिल वा जोखिमयुक्त अवस्थामा रहेका जलाधार वा उपजलाधार क्षेत्रहरुको प्राथमिकताका साथ संरक्षण, सवर्द्धन तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाउँपालिकाले जलाधार वा उपजलाधारको व्यवस्थापन गर्दा जलाधार क्षेत्रको स्वास्थ्य र श्रोतको अध्ययन अनुसन्धान गरी सो को आधारमा कार्ययोजना बनाई व्यवस्थापन गर्नेछ ।

३५. **जलाधारको व्यवस्थापनका लागि गर्न सकिने कार्य** : गाउँपालिकाले जालाधार वा उपजलाधार क्षेत्रमा जलाधारको उपयुक्त व्यवस्थापनका लागि देहाय बमोजिम कार्यहरु गर्न गराउन सक्नेछ :-

(क) परीक्षण स्थल (ट्रायल प्लट) हरुको व्यवस्था गर्ने तथा त्यसको स्याहार संभार गर्ने,

(ख) वृक्षारोपण गर्ने, डालेघाँस, जडिबुटी तथा फलफूलको खेती गर्ने, घाँस, झारपात वा अन्य वनस्पति लगाउने र त्यसको स्याहार सम्भार गर्ने तथा हुर्काउने,

(ग) नदी कटान हुन सक्ने वा भएका जग्गाहरु, पहिरो जान सक्ने जग्गाहरु र भिराला पाखाहरुमा रहेका वन जङ्गल, घाँस, अम्रिसो, उखु, निगालो, बाँस तथा अन्य प्राकृतिक वनस्पतिको संरक्षण गर्ने जस्ता जैविक प्रविधि (बायोइन्जिनियरिङ्ग) का माध्यम अवलम्बन गरि त्यसको स्याहार सम्भार गर्ने तथा सम्बर्द्धन गर्ने,

(घ) रोकथाम वा नियन्त्रण गर्ने बाँध (ड्याम), जैविक रुपमा गल्छी नियन्त्रण (चेकडेम), जैविक तटबन्ध (इम्बाङ्कमेण्ट), गरा सुधार (टेरेस इम्प्रूभमेण्ट), कूलो, सहायक कूलो वा ढल (डाइभर्सन च्यानल), टेवा दिने पर्खाल (रिटेनिंगवाल), पोखरी र यस्तै अन्य आवश्यक बनौटको निर्माण गर्ने तथा त्यसको स्याहार संभार गर्ने,

(ङ) माटोको उर्वरा शक्ति र पानी तथा वातावरणको स्वच्छता सन्तुलित रुपमा कायम बनाई राख्ने,

(च) परम्परागत पोखरी, आहाल, धारा पँधेरा, इनार, कुवा, कुलो, कुलेसा तथा पानीका मुहानहरुको संरक्षण गर्ने, खुल्ला चरीचरण बन्द गर्ने र जल पुर्नभरण पोखरीहरु निमार्ण गर्ने,

(छ) जलाधार वा उपजलाधार व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन गर्ने,

(ज) वातावरणीय सेवा बापतको भुक्तानी कार्यक्रम,

(झ) गाउँपालिकाले तोकिदिएका भू तथा जलाधार संरक्षण सम्बन्धी अन्य कार्यहरु गर्ने ।

३६. **नदी संरक्षण सम्बन्धी व्यवस्था** : (१) कसैले पनि नदीको वहाव परिवर्तन वा भू-स्खलन वा अत्यधिक गहिराई वा अत्यधिक दोहन हुनेगरी नदीजन्य पदार्थ उत्खनन् वा संकलन गर्न गराउन हुदैन ।

(२) गाउँपालिकाले नदीजन्य पदार्थको अत्यधिक दोहन रोक्न र अत्यधिक दोहनबाट वातावरणमा पर्न सक्ने सम्भावित जोखिम न्यूनीकरणका लागि स्थानिय राजपत्रमा सूचना प्रकाशित गरी कुनै नदीको भाग वा सम्पूर्ण भागबाट निश्चित अवधिभरी नदीजन्य पदार्थ उत्खनन् वा संकलन गर्न नपाउने गरी रोक लगाउन सक्नेछ र त्यस्तो सूचनाको म्याद थपघट गर्न समेत सक्नेछ ।

३७. **वातावरण संरक्षण शुल्क लगाउन सक्ने** : कार्यपालिकाले वातावरणमा हरितगृह ग्याँस उत्सर्जन र अन्य प्रदुषणलाई निरुत्साहित गर्न तोकिए बमोजिम वातावरण शुल्क लगाउन सक्नेछ ।

३८. **कोषको स्थापना र सञ्चालन** : (१) वातावरणको संरक्षण, प्रदूषणको रोकथाम तथा नियन्त्रण, जलवायु परिवर्तन व्यवस्थापन, राष्ट्रिय सम्पदाको संरक्षणका लागि वातावरण संरक्षण कोष नामको एउटा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछ :

(क) नेपाल सरकार, प्रदेश सरकार वा गाउँपालिकाबाट प्राप्त रकम,

(ख) स्वदेशी व्यक्ति वा सङ्घ संस्थाबाट प्राप्त रकम,

(ग) विदेशी सरकार वा अन्तराष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम,

(ग) वातावरण संरक्षण शुल्कबाट प्राप्त रकम,

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

(५) कोषको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

३९. **कोषको उपयोग** : (१) कोषमा जम्मा भएको रकम स्वच्छ र स्वस्थ वातावरणको संरक्षण र प्रवर्द्धन, प्रदूषणको रोकथाम तथा नियन्त्रण, जलाधार वा उपजलाधारको व्यवस्थापन, नदीको संरक्षण र राष्ट्रिय सम्पदाको संरक्षणसँग सम्बन्धित विषयमा र देहायका काम वा कार्यक्रम सञ्चालन गर्न प्रभावकारी भूमिका खेल्न सक्ने संस्थालाई प्रतिस्पर्धात्मक प्रस्तावको आव्हान तथा स्वच्छ मूल्यांकनको आधारमा सबैभन्दा प्रतिस्पर्धी र उत्तम प्रस्ताव ठहर भएको संस्थाको प्रस्तावलाई आवश्यक वित्तीय, भौतिक र प्राविधिक सहयोग उपलब्ध गराउन संचालक समितिले निर्णय गरे बमोजिम खर्च गरिनेछ :-

(क) वातावरणीय स्रोत तथा साधनहरुको गुणस्तर कायम गर्ने र निरन्तर प्रवाह वा आपुर्ती समेत सुनिश्चित गर्नका लागि वातावरणीय स्रोतहरुको संरक्षण, सुधार, पुर्नस्थापना र सुरक्षा गर्ने वा गराउने,

(ख) स्वच्छ र स्वस्थ वातावरण भावी सन्ततिलाई समेत उपलब्धता सुनिश्चित गर्नका लागी अपनाउनु पर्ने संरक्षण, संवर्द्धन तथा प्रवर्द्धनका कार्यक्रमको कार्यान्वयन गर्ने वा गराउने,

(ग) वातावरणीय स्रोत तथा पारिस्थितीकिय प्रणालीहरुको जिव धान्ने (life supporting) क्षमता अभिबृद्धी गर्ने वा गराउने,

(घ) स्वच्छ र स्वस्थ वातावरणको संरक्षण तथा प्रवर्द्धन, जलाधार वा उपजलाधार व्यवस्थापन, प्रदूषणको रोकथाम तथा नियन्त्रण र राष्ट्रिय सम्पदाको संरक्षण सम्बन्धमा निर्यमित कार्यक्रममा नपरेको योजना तर्जूमा तथा कार्यक्रम कार्यान्वयन गर्ने वा गराउने,

(ङ) वातावरण संरक्षण, सम्वर्द्धन, दीगो उपयोग र वातावरणीय स्रोतहरुको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरणसँग सम्बन्धित परम्परागत र स्थानीय अभ्यासको सम्वर्द्धन गर्ने वा गराउने,

(च) कोषको रकम खर्च गरिने अन्य विषयवस्तुहरु तोकिए बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम कोषमा जम्मा भएको रकम संचालक समितिले उपयोग गर्दा प्रस्तावको आव्हान गरी स्वच्छ मूल्यांकनको आधारमा सबैभन्दा प्रतिस्पर्धी र उत्तम प्रस्ताव पेश भएको संस्थाको प्रस्तावलाई मात्र संचालक समितिले प्रतिस्पर्धाका आधारमा मात्र आवश्यक वित्तीय, भौतिक र प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

१०. **परिषद् गठन गर्न सक्ने** : (१) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यलाई स्थानिय स्तरमा प्रभावकारी रुपमा सञ्चालन गर्न गाउँपालिकाको प्रमुखको अध्यक्षतामा एक वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद् रहनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहायका अध्यक्ष तथा सदस्य रहनेछ :

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(क) गाउँपालिकाको उपाध्यक्ष - उपाध्यक्ष

(ख) वातावरण तथा विपद व्यवस्थापन समितिको प्रमुख - सदस्य

(ग) वडा अध्यक्षहरु मध्येबाट कार्यपालिकाले समावेशी रुपमा तोकेका दुई जना वडा अध्यक्ष - सदस्य

(घ) कार्यपालिकाले तोकेको कार्यपालिकाका दुईजना महिला सदस्य - सदस्य

(ङ) वातावरण संरक्षणको क्षेत्रमा गाउँपालिका क्षेत्रभित्र काम गर्ने संस्थाका प्रतिनिधिहरु मध्येबाट कम्तिमा एक महिला सहित अध्यक्षबाट मनोनित दुई जना - सदस्य

(च) विज्ञान वा वातावरण व्यवस्थापनका शिक्षकहरुमध्ये अध्यक्षबाट मनोनीत एकजना महिला सहित दुइजना - सदस्य

(छ) वातावरण तथा जलवायुको क्षेत्रमा विज्ञता हासिल गरेका व्यक्तिहरुमध्ये एक जना महिला तथा सामाजिक समावेशीताका आधारमा अध्यक्षबाट मनोनीत तीनजना - सदस्य

(ज) प्रमुख प्रशासकीय अधिकृत - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ङ), (च) र (छ) बमोजिमका सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।

(३) गाउँपालिकाले परिषद्को सचिवालयको रुपमा काम गर्नेछ।

४. **परिषद्को बैठक** : (१) परिषदको बैठक वर्षमा कम्तीमा दुई पटक परिषद्को अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) परिषद्को सदस्य सचिवले अध्यक्षसँग परामर्श गरी परिषद्को बैठक बस्ने मिति, समय र स्थान, बैठकमा छलफल हुने विषयसूची सहितको सूचना बैठक बस्ने समयभन्दा कम्तीमा अठ्चालीस घण्टा अगाडि सबै सदस्यले प्राप्त गर्ने गरी पठाउनु पर्नेछ।

तर तत्काल परिषद्को बैठक बोलाउन आवश्यक भएमा परिषद्को अध्यक्षले बहत्तर घण्टा अगाडी परिषद्को बैठक बोलाउन सक्नेछ र यसरी बैठक बोलाइएकोमा परिषद्को सदस्य सचिवले सोको सूचना यथाशीघ्र सबै सदस्यले प्राप्त गर्ने गरि पठाउनु पर्नेछ।

(३) कुल सदस्य संख्याको बहुमत सदस्य उपस्थित भएमा परिषद्को बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(४) परिषद्को बैठकको अध्यक्षता परिषद्को अध्यक्षले गर्नेछ र अध्यक्षको अनुपस्थितिमा परिषद्को उपाध्यक्षले गर्नेछ ।

(५) परिषद्को निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(६) परिषद्को बैठकमा आवश्यकता अनुसार कुनै पदाधिकारी, सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि वा वातावरण विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(७) परिषद्को निर्णय परिषद्को सदस्य सचिवले प्रमाणित गर्नेछ ।

(८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१२. **परिषद्को काम, कर्तव्य र अधिकार** : परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) दीर्घकालीन नीति, योजना तथा कार्यक्रममा स्वच्छ तथा स्वस्थ वातावरण र जलवायु परिवर्तन सम्बन्धी विषयलाई एकीकृत रुपमा समावेश गर्दै लैजान गाउँपालिका तथा अन्य निकायलाई आवश्यकता अनुसार निर्देशन दिने,

(ख) प्रदुषण नियन्त्रण, फोहरमैला व्यवस्थापन र राष्ट्रिय सम्पदा संरक्षणको लागि राष्ट्रिय प्रणालीको विकासको लागि नीति तय गर्ने,

(ग) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यमा गाउँपालिकालाई आवश्यक नीतिगत मार्गदर्शन गर्ने,

घ) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी आर्थिक स्रोतको व्यवस्थापन गर्ने र सोको लागि सहजीकरण गर्ने,

(ङ) प्राकृतिक, सांस्कृतिक र भौतिक संशाधन एवं सम्पदाको उपयोग, व्यवस्थापन, विकास तथा संरक्षणको लागि गाउँपालिकालाई मार्गदर्शन गर्ने,

(च) जलवायु परिवर्तन, दिगो विकासको लक्ष्य तथा विपद व्यवस्थापनका बिषयलाई समन्वय र एकिकृत रुपमा सम्बोधन गर्नका लागि आवश्यक पर्ने नीति, रणनीति, योजना, कार्यकम, परियोजनाको तर्जुमा तथा

कार्यान्वयनको सहजिकरण तथा नेतृत्व गर्ने,

(छ) वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धी कार्यको मूल्याङ्कन गर्ने ।

## परिच्छेद - ७

## जरिबाना तथा क्षतिपूर्ति

४३. **जरिबाना** : (१) कसैले देहायको कार्य गरे वा गराएमा गाउँपालिकाले देहाय बमोजिम जरिबाना गर्नेछ :-

(क) वातावरिणय स्रोत तथा साधनहरुको गुणस्तर कायम राख्ने र निरन्तर प्रवाह वा आपुर्ती समेत सुनिश्चित गर्नका लागि वातावरिणय स्रोतहरुको संरक्षण, सुधार, पुर्नस्थापना र सुरक्षा नगरेमा सो कसूर गर्ने व्यक्ती विशेषको हकमा पहिलो पटक पाँच सय रुपैंया, दोश्रो पटक एक हजार रुपैया, तेश्रो पटक एक हजार पाँच सय रुपैंया र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि दुई हजार रुपैयाँका दरले र सो कसुर कुनै उद्योग, व्यवसाय, कम्पनी, कलकारखाना वा अन्य संगठित संघ संस्थाले गरेमा पहिलो पटक पाँच हजार रुपैया, दोश्रो पटक सात हजार रुपैया, तेश्रो पटक पन्ध्र हजार रुपैया र सोही कसूर चौथो वा सोभन्दा बढी पटक गरेमा प्रत्येक पटकको लागि तिस हजार रुपैयाँका दरले,

(ख) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्ने प्रस्तावको हकमा त्यस्तो प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरित हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा कम्तिमा तीन लाख रुपैयादेखि पाँच लाख रुपैयाँसम्म,

(ग) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरित हुने गरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा कम्तिमा छ लाख रुपैयादेखि दश लाख रुपैयाँसम्म,

(घ) प्रदुषण रोकथाम आदेश जारी भएको व्यक्ती वा संगठित संस्थाले सो आदेशको पालना नगरेमा निजलाई कम्तिमा तीन लाख रुपैयादेखि पाँच लाख रुपैयाँसम्म जरिबाना गरी सो प्रदुषणबाट भएको क्षति बापत पीडित

व्यक्ती वा परिवारहरुलाई मुनासिब क्षतिपूर्ति भराइदिने तथा त्यस्तो प्रदुषणले गरेको विनासलाई ठीक गरी पुरानो अवस्थामा ल्याउन पुर्नस्थापनाका कार्य तथा कार्यक्रमको सञ्चालन गर्न लगाउने।

(२) कसैले उपदफा (१) बमोजिमको कार्य गरेमा गाउँपालिकाले त्यस्तो कार्य तुरुन्त ... वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराएकोमा यस ऐन बमोजिम त्यस्तो प्रतिवेदन ... गराउन र त्यस्तो प्रतिवेदन विपरितको कार्य भएकोमा सो कार्यलाई सुधार गर्न आदेश ... र यसरी दिइएको आदेश बमोजिम गर्नु सम्बन्धित व्यक्ति वा संस्थाको कर्तव्य हुनेछ। ... दिएको आदेश बमोजिम कार्य नभएमा गाउँपालिकाले उपदफा (१) बमोजिम गरिएको ...नाको तेब्बर जरिबाना गर्नेछ।

(३) उपदफा (१) मा उल्लिखित विषय बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत ... नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरितका कुनै कार्य गरेमा गाउँपालिकाले ... कार्य गर्न बन्देज लगाई पच्चिस हजार रुपैयादेखि तीन लाख रुपैयाँसम्म जरिबाना गरी ...हिनाभित्र यो ऐन बमोजिम बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्ड बमोजिमको ... गर्न आदेश दिन सक्नेछ। यसरी दिएको आदेश बमोजिम कार्य नभएमा यस उपदफा ...जिम गरिएको जरिबानाको तेब्बर जरिबाना लाग्नेछ।

(४) उपदफा (२) वा (३) बमोजिम दिएको आदेश बमोजिमको कार्य नभएमा त्यस्तो ... बन्देज लगाइनेछ र त्यस्तो व्यक्ति वा संस्थालाई कालोसूचीमा राख्ने सम्बन्धमा ...क कारवाही गर्न गाउँपालिकाले सिफारिस सहित कार्यपालिकामा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम सिफारिस भई आएमा कार्यपालिकाले आवश्यक जाँचबुझ ...होरा मनासिब देखेमा त्यस्तो व्यक्ति वा संस्थालाई एक वर्षदेखि पाँच वर्षसम्म ...चीमा राख्नु पर्नेछ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिकाले दिएको ...कार्यान्वयन नभएको विषयमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी उपदफा (५) ...को कारबाही गर्नेछ।

(७) उपदफा (५) बमोजिम कुनै निकायलाई कालोसूचीमा राखिएकोमा त्यस्तो व्यक्ति ...ले कालो सूचीमा राखिएको अवधिभर आफ्नो नाममा वा त्यस्तो व्यक्ति वा संस्थासँग ... जुनसुकै नाममा कुनै पनि प्रस्ताव पेश गर्न सक्ने छैन।

(८) यस दफा बमोजिमको जरिबाना गर्नुअघि जरिबाना गर्न लागिएको व्यक्ति वा संस्था वा आयोजनालाई सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(९) उपदफा (७) बमोजिम गाउँपालिकाले कुनै व्यक्ति वा संस्थालाई कालोसूचीमा राखेमा त्यस्तो व्यक्ति वा संस्थाको पुरा नाम, स्थायी तथा अस्थायी ठेगाना, मुख्य पदाधिकारीको नाम ठेगाना, कालो सुचीमा राख्नु परेको कारण लगायत अन्य आवश्यक विवरण खुलाई सो सम्बन्धी जानकारी सुदुरपश्चिम प्रदेश भित्रका सम्पुर्ण गाउँपालिकामा पठाउनु पर्नेछ ।

४४. **निवेदन दिन सक्ने** : (१) कसैले यस ऐन विपरित संक्षिप्त वातावरणीय अध्ययन, वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरित हुने गरी प्रस्ताव कार्यान्वयन गरेमा वा यस ऐन विपरीत हुने कार्य गरेमा वा गर्न लागेमा सम्बन्धित निकाय वा अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(२) कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका वा मापदण्ड विपरित प्रदुषण गरेको वा जोखिमपूर्ण पदार्थ निस्काशन गरेको वा कुनै दुर्घटनाजन्य प्रदुषणका कारणबाट कुनै व्यक्ति, संस्था वा स्थानीय समुदायलाई कुनै हानि नोक्सानी पुग्न गएमा त्यस्तो कार्यबाट पीडित व्यक्ति, संस्था वा स्थानीय समुदायले आफूलाई पुग्न गएको क्षति बापत गाउँपालिका समक्ष क्षतिपूर्ति भराई पाउन निवेदन दिन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम परेको निवेदनका सम्बन्धमा गाउँपालिकाले छानबिन तथा जाँचबुझ गर्दा निवेदकलाई हानी नोक्सानी भएको ठहरेमा क्षतिको यकिन गरी त्यसरी हानि नोक्सानी पुर्‍याउने व्यक्ति, संस्था वा प्रस्तावकबाट पीडित व्यक्ति, संस्था वा स्तानीय समुदायलाई मनासिब क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(४) गाउँपालिकाको निकाय वा गाउँपालिकाको स्वामित्व र नियन्त्रणमा रहेको संस्थाले प्रदुषण गरी क्षति पुगेको विषयमा परेको निवेदन सम्बन्धमा छानबिन गर्न प्रदेश सरकारले मनोनयन गरेका तीनजना विज्ञ रहेको समिति गठन हुनेछ र सो समितिको सिफारिसको आधारमा उपदफा (३) बमोजिम क्षतिपूर्ति भराई दिनु पर्नेछ ।

(५) यस दफा बमोजिम क्षतिपूर्ति निर्धारण गर्ने आधार र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

... **पुनरावेदन** : (१) दफा ४३ बमोजिम भएको जरिवाना उपर चित्त नबुझ्ने पक्षले गाउँपालिका वा गाउँपालिकाको अन्य निकाय वा अधिकारीबाट भएको जरिवाना उपर सम्बन्धित जिल्ला अदालतमा पैतीस दिनभित्र पुनरावेदन गर्न सक्नेछ ।

(२) दफा ४४ बमोजिम क्षतिपूर्ति निर्धारण सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद - ८

## विविध

... **अनुगमन तथा निरीक्षण गर्ने** : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम, निर्देशिका, कार्यविधि वा मापदण्डहरुको कार्यान्वयन भए नभएको सम्बन्धमा गाउँपालिकाले अनुगमन तथा निरीक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने अनुगमन तथा निरीक्षण सम्बन्धी अन्य व्यवस्था ... बमोजिम हुनेछ ।

... **आदेश जारी गर्न सक्ने** : (१) कार्यपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशन गरी ... संरक्षणका दृष्टिले पूर्व सावधानी अपनाउनु पर्ने विषयका सम्बन्धमा आवश्यक ... जारी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेश उल्लङ्घन गर्ने व्यक्ति वा संस्थालाई ...पालिकाले कम्तिमा पच्चिस हजारदेखी एक लाख रुपैयाँसम्म जरिबाना गर्न सक्नेछ ।

... **अधिकार प्रत्यायोजन** : गाउँपालिकाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये ...कता अनुसार केही अधिकार कुनै निकाय, शाखा, वा वातावरण निरीक्षक वा कुनै ... कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

... **प्रचलित कानून बमोजिम हुने** : यस ऐनमा लेखिएको कुरामा यसै बमोजिम र अन्य ... प्रचलित कानून बमोजिम हुनेछ ।

... **नियम बनाउने अधिकार** : यो ऐन कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियमहरु ... सक्नेछ ।

... **निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने** : यो ऐन तथा यस ऐन अन्तर्गत ... नियमको प्रतिकूल नहुने गरी कार्यपालिकाले आवश्यक निर्देशिका, कार्यविधि तथा ...ड बनाई लागू गर्न सक्नेछ ।